सरूमारानी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

बङ्गाँडा ,प्यूठान

लुम्बिनी प्रदेश नेपाल

प.स: ०८०।०८१

च.नं: ९०५६

मिति:२०८०।१०।०८

श्री सबै शाखा प्रमुखहरु,
सरुमरानी गाउँपालिक,प्यूठान ।
श्री वडा कार्यालयहरु सबै
सरुमरानी गाउँपालिक,प्यूठान ।

विषय: निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस सरुमारानी गाउँपालिकाको मिति २०८०।१०।०५ गते बसेको बैठकको निर्णय प्रति आवश्यक कार्यान्वयन तथा जानकारीको लागि यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

२०८०।१०।०८

..............................

(लक्ष्मण आचार्य)

नि.प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगाना: सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बङ्गाँडा,०४ प्यूठान, लुम्बिनी प्रदेश नेपाल
फोन नं ९८५७८३६०२२ .Website:www.sarumaranimun.gov.np Email:sarumarani2073@gmail.com

CamScanner

प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्डाँडा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## सरुमारानी गाउँपालिका, कार्यपालिकाको एकतिसौं बैठकका प्रस्तावहरु

### मिति २०८०।१०।०५ गते

१. प्रगति समिक्षा सम्बन्धमा ।

२. गाउँपालिका स्तरीय अस्पताल सम्बन्धमा ।

३. गाउँपालिका स्तरीय खेलकुद मैदान सम्बन्धमा ।

४. स्थानीय तहको वित्तिय जोखिम मुल्यांकन सम्बन्धमा ।

५. योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

६. विविध सम्बन्धमा ।

- ल्याव असिष्टेन्ट पदपुर्ती सम्बन्धमा ।
- टोल विकास संस्था दर्ता सम्बन्धमा ।
- शहरी पूर्वाधार विकास कार्यक्रम सम्बन्धमा ।

भक्त बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्डाँडा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

झगा बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

**बैठक संख्या-३१**

**गाउँकार्यपालिकाको एकतिसौं बैठकका निर्णयहरु-२०८०।१०।०५ गते**

**निर्णय नं. १. प्रगति समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८०।०९।१९ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। अधिकांश निर्णयहरु कार्यान्वयन भएको जानकारी भयो ।

**निर्णय न. २. गाउँपालिका स्तरीय अस्पताल सम्बन्धमा ।**

प्रस्ताव नं.२ माथि छलफल गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७।९।१२ को निर्णय तथा मिति २०७७।०९।२१ गते च.न. ५०१ को परिपत्र अनुसार यस गाउँपालिकालाई १० शैंयाको आधारभूत अस्पाल स्वीकृत भएकोमा यस गाउँपालिकाको भूगोल, जनसंख्या तथा अन्य निजिक्षेत्रको अस्पतालमा पहुँच समेत नभएका कारण र यस गाउँपालिका भित्र संचालित स्वास्थ्य संस्थाहरुले छिमेकी जिल्ला अर्धाखाचीको शितगंगा नगरपालिका, दाङ्गको बंगलाचूली गाउँपालिका र प्यूठान जिल्लाकै ऐरावती गाउँपालिकाका सेवाग्राहीहरु समेतलाई सेवा प्रवाह गरिरहेको विद्यमान अवस्था र यस गाउँपालिका भन्दा भूगोल तथा जनसंख्या न्यून भएका प्यूठानकै मल्लरानी र मांण्डवी गाउँपालिकालाई समेत नेपाल सरकारले १५ शैंयाको अस्पताल निर्माणको लागि छनौट गरेको सन्दर्भमा यस गाउँपालिकामा पनि १५ शैंयाको अस्पताल हुनु पर्ने आवश्यकता एवं जनस्तरको माग समेत रहेकोले हालको १० शैंयाको अस्पतालको सट्टा १५ शैंयाको अस्पताल स्वीकृतिको नितिगत निर्णय र अस्पतालको भवन निर्माणको लागि आवश्यक बजेट ब्यबस्थाको लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ गाउँपालिका स्तरीय खेलकुद मैदान सम्बन्धमा ।**

प्रस्ताव न.३ माथि छलफल गर्दा लुम्विनी प्रदेश सरकारको आ.ब. २०७५/०७६ को बार्षिक बजेट र कार्यक्रम अनुसार यस गाउँपालिका गा.पा. स्तरीय खेलकुल मैदान निर्माणको लागि बजेट ब्यबस्था भई खेलकुद मैदान निर्माण कार्य सुरु गरिएको, तर बजेट अपर्याप्तताको कारण उक्त खेलकुद मैदान निर्माणको कार्य अधुरो रहन गएको तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता लगाएतका खेलकुद कार्यक्रम संचालन गर्न कठिन भएकोले उक्त गाउँपालिका स्तरीय अधुरो खेलकुल मैदान निर्माणको लागि आवश्यक बजेट ब्यवस्थाको लागि अनुमानित लागत सहित नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय,सिंहदरवार काठमान्डौ समक्ष माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४. स्थानीय तहको वित्तिय जोखिम मुल्यांकन सम्बन्धमा ।**

प्रस्ताव न. ४ माथि छलफल गर्दा स्थानीय तहको वित्तिय जोखिम मुल्यांकन कार्यविधि, २०७७ बमोजिम सरुमारानी गाउँपालिकाको आ.व.२०७९।०८० को कार्यप्रकृया, नतिजा र वित्तिय



झगा बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

अनुशासनको उपलब्धिहरुको आधारमा मूल्याकन गर्दा प्रारम्भिक रुपमा ७८.५० अंक प्राप्त भएको जानकारी भयो, साथै यो नतिजामा जिल्ला समन्वय समितिले दिएको सुझाव समावेस पश्चातको परिणामलाई सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय न. ५ योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.ब.को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत तपशिलका योजना तथा कार्यक्रमहरुलाई यस पछि बस्ने गाउँसभाबाट अनुमोदन हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | स्वीकृत योजनाको नाम | स्थान | बजेट रु | संशोधित योजनाको नाम | स्थान | बजेट रु |
|---|---|---|---|---|---|---|
| १ | नौघाट सिचाई पाईप योजना | वडा न. ३ | ३०,०००।- | नौघाट सिचाई पक्की ड्डुंड निर्माण योजना | वडा न. ३ | ३०,०००।- |
| २ | रावलटोल अधुरो सिचाई पोखरी | वडा न. १ | १,५०,०००।- | रावलटोल सोलार सिचाई योजना मर्मत | वडा नं.१ | ६०,०००।- |
| | | | | रावलटोल सिचाई ईनार | वडा नं.१ | ९०,०००।- |

**निर्णय नं. १७. विविध सम्बन्धमा ।**

- **ल्याव असिष्टेन्ट पदपुर्ती सम्बन्धमा ।**
  यस गाउँपालिका अन्तरगत बांगेशाल स्वास्थ्य चौकीमा रिक्त रहेको सहायक स्तर चौथो तहको ल्याव असिष्टेन्ट पदमा करार नियूक्ति प्रकृया अगाडी बढाउने निर्णय गरियो ।
- **टोल विकास संस्था दर्ता सम्बन्धमा ।**
  यस गाउँपालिकामा गठन भएका टोल विकास संस्थाहरुलाई २०८० माघ १५ गते भित्र अनिवार्य रुपमा गाउँपालिकामा दर्ता गर्ने निर्णय गरियो ।
- **शहरी पूर्वाधार विकास कार्यक्रम सम्बन्धमा ।**
  शहरी विकास तथा भवन कार्यालय दाङ्गको मिति २०८०।९।२६ च.न.५२० को पत्र अनुसार सरुमारानी-५ जसपुर गोधारा कुथुर्के शहरी पूर्वाधार विकास कार्यक्रम अन्तर्गत जसपुर गोधारा कुथुर्के मो.बा. स्तरउन्नोति कार्य गर्न सिफारिस गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो

प्रमाणिकरण मिति २०८०/१०/०५



झक बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष